# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २३ असार २०८१

# आइतबार

# बैठक सङ्ख्या- २६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १३:२७ बजे प्रारम्भ भयो।

(१३:३० बजे) सम्माननीय अध्यक्ष :- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री तथा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री, के होला माननीयज्यू ।

(१३:३१ बजे)माननीय सदस्य पदम बहादुर परियार(नेपाली काँग्रेस):- सम्माननीय अध्यक्ष महोदय, म नियमापत्ति गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली, २०७५ को दफा २१ को (घ१) मा कसैलाई पनि उत्पत्ति, धर्म, वर्ण, जाति, लिंग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा होच्याउने वा अरू कुनै किसिमले असर पार्ने गरी बोल्न वा असंसदीय शब्द प्रयोग गर्न नहुने भन्ने व्यवस्था भएकोमा राष्ट्रिय सभाको यही असार २० गतेको सदनमा बोल्ने क्रममा अपाङ्गता भएका व्यक्तिहरूलाई अपमानित गर्ने गरेर लुला, लङ्गडा जस्ता शब्दहरू सदनमा प्रयोग भएको छ । यो हाम्रो राष्ट्रिय सभाको नियमावली अनुसार पनि उपयुक्त छैन, मर्यादित छैन र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ ले पनि यसलाई चाहिँ कारवाहीयोग्य

भनेर व्यवस्था गरेकोमा म सम्माननीय अध्यक्ष महोदयमार्फत यस्ता अपमानजनक शब्दहरू रेकर्डबाट हटाउनको लागि र आगामी दिनमा यस्ता अपमानित शब्दहरू प्रयोग नगर्नको लागि सभालाई रूलिङ्ग गरिदिनु हुनको लागि हार्दिक अनुरोध गर्दछु ।

(१३:३३ बजे)<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्यहरू, माननीय सदस्यले राख्नुभएको विषयको ध्यानाकर्षण भएको छ। यदि त्यस्तो परेको छ, मतलव एउटा कसैलाई होच्याउने खालको छ भने यस विषयमा अध्ययन गरी सचिवालयलाई, यो एकपटक त्यो अध्ययन गरी अर्को बैठकमा पेस गर्ने आदेश दिन्छु। आगामी बैठकमा त्यो विषय निर्णयार्थतिर लैजाउँला।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यूको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु।

(१३:३४ बजे)<u>माननीय सञ्चार तथा सूचना मन्त्री रेखा शर्मा</u>:-सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद ।

(१३:३४ बजे)<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ” भन्नुहोस्।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले “हुन्न” भन्नुहोस्।

'हुन्न÷ भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म उक्त प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल प्रारम्भ हुन्छ। यस विषयमा ४ जना माननीय सदस्यबाट तीन समूहमा संशोधन प्रस्ताव दर्ता हुन आएको बेहोरा जानकारी गराउँदछु। उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गर्नुहुने संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूलाई क्रमशः आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु।

सर्वप्रथम, सयुक्त संशोधनकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य सोनाम गेल्जेन शेर्पालाई संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

(१३:३६ बजे)<u>माननीय सदस्य सोनाम गेल्जेन शेर्पा(नेपाल कम्युनिष्ट पार्टी, एमाले):-</u> सम्मानीय अध्यक्षज्यू, यो लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा मैले यो सदनको ध्यान कहाँ आर्कषण गराए भन्दा यो राष्ट्रिय निकुञ्जमा चाहिँ जुन किसिमको मध्यवर्ती क्षेत्र छ । राष्ट्रिय निकुञ्जको कोर एरिया भनेर भन्ने गरिन्छ र यसभित्र लगानी गर्दाखेरि एउटा समस्या कहाँनिर आउँछ भन्दाखेरि यो एउटा त्यहाँ चाहिँ बफर जोनको community हरूलाई, त्यहाँको जनताहरूलाई priority दिइएको छैन, त्यहाँको जनताहरूले लगानी गर्न कहाँ जाने त कुनै माध्यमबाट आउने वातावरण छैन। लगानी वोर्डबाट आउनु पर्ने र राष्ट्रिय गौरवका योजनाहरू र सरकारले चाहिँ प्राथमिकता प्राप्त आयोजना भनेर उल्लेख गरेको पाइन्छ तर विदेशी लगानीहरू आउँदा कुनै लगानी बोर्डबाट आउँदाखेरि त्यसको अधिकारलाई चाहिँ सुनिश्चित गर्ने कुनै पनि कानुनमा व्यवस्था छैन ।त्यसकारण international, ILO लाई पनि मध्यनजर राखेर यो कानुनको व्यवस्थापन हुर्नुपर्छ भन्ने मान्यताका आधारमा हामीले संशोधन गर्न चाहिँ अगाडि बढाएका थियौं। यसमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा ६ मा थपिएको उपदफा (१क) मा प्रतिनिधिसभाबाट संशोधनको बुँदा २ बाट थपिएका शब्दहरू "क्षेत्रमा" भन्ने शब्दपछि 'स्थानीय समुदाय÷ भन्ने शब्द थपिनुपर्छ भनेर हामीले गरेका थियौं, स्थानीय समुदाय, स्थानीय सरकार वा संघ वा प्रदेश भनेर लेखिएको रहेछ, त्यसरी थप्नुपर्छ भनेर हामीले प्रस्ताव राखेका थियौं तर यसरी थप्दाखेरि के देखिन्छ भन्दाखेरि स्थानीय भनेर

समुदायभन्दा पनि स्थानीय मध्यवर्ती छ, मध्यवर्ती क्षेत्रहरूले पनि आफ्नो कार्यक्रम सञ्चालन गर्छ र आयोजनाहरू गर्छ यो मध्यवर्ती क्षेत्र भनेको पनि स्थानीय समुदाय हो भन्ने हाम्रो मान्यता रहेको छ। त्यसकारण अहिलेको अवस्थालाई मध्यनजर राखेर हामीले चाहिँ यो प्रस्ताव फिर्ता लिन्छौं, हामी फर्ता लिन्छौं भन्या छौं तर अब आउने राष्ट्रिय निकुञ्ज ऐन, २०२९ मा चाहिँ स्थानीय समुदायको हकहितलाई ध्यानमा राखेर चाहिँ यो कानुनको व्यवस्था हुनुपर्छ भनेर हामी सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

(१३:३९ बजे)<u>सम्माननीय अध्यक्ष:-</u> माननीय सदस्यहरू, अब म संशोधन प्रस्तावकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्मालाई आफ्नो संशोधनको प्रस्तावसहित छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट ।

(१३:३९ बजे)<u>माननीय तुल प्रसाद विश्वकर्मा(राष्ट्रिय जनमोर्चा):-</u> सम्माननीय अध्यक्षज्यू, यो लगानी सहजीकरणमा  अव नौं वटा ऐनहरूलाई संशोधन गर्ने कुराहरू आएको छ।र त्यसका कतिपय बुदाहरू कतिपय प्रावधानहरूसँग हाम्रो पार्टीको सहमति छैन, त्यसैले यसमा मैले संशोधन चाहिँ हालेको छु।र यसको सैद्धान्तिक पक्षबारे पनि अस्ति मैले बुँदागत रूपमा राखें। र त्यसमा पहिलो त लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वनेको विधेयक, २०८१ को दफा २ को खण्ड ३ पूरे हटाउने।२ नम्बरमा दफा १२(ङ) पछिको देहायको सकार गरेको जग्गा बेचविखन गर्ने भन्ने सबै व्यवस्थालाई हटाउने, त्यसपछि नम्बर ३ मा दफा ५ को उपदफा २ को खण्ड ख मा रहेको प्रावधान पूरै हटाई विद्यमान व्यवस्थालाई कायम राख्ने, यस खण्डको पूरै हटाई वन ऐन, २०७६ कै व्यवस्था कायम गरिनु पर्दछ। त्यस्तै यस उपदफामा भएको चट्टान, ढुंगा र माटोलाई हटाई वन ऐनको दफा २ को खण्ड द को उपदफा ३ को व्यवस्थालाई कायम राख्ने । अर्को उपदफा २ को दोस्रो paragraph को अन्तिम लाइनलाई चट्टान, ढुँगा र माटोपछि नदी र खनिजजन्य पदार्थ थप्ने अर्थात् वन ऐन २०७६ को दफा २ को खण्ड द को उपखण्ड ३ को विद्यमान व्यवस्था कायम राख्ने। यति चाहिँ मैले संशोधन राखेको छु त्यसैले यो संशोधन प्रस्ताव फिर्ता नलिने चाहिँ आफ्नो राय दोहोऱ्याउँछु । धन्यवाद ।

(१३:४१ बजे)<u>सम्माननीय अध्यक्ष</u>ः-माननीय सदस्यहरू अब म संशोधन प्रस्तावकर्ता माननीय सदस्य भगवती न्यौपानेलाई आफ्नो संशोधनको प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

(१३:४२ बजे)<u>माननीय भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी एमाले)</u>ः-सम्माननीय अध्यक्षज्यू, यो राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा संशोधन जुन छ लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ यसमा चाहिँ प्रतिनिधि सभाबाट पास भइ आएको बुँदा नम्बर २ मा चाहिँ मेरो संशोधन रहेको छ। खासगरी त्यहाँ के छ भने मध्यवर्ती क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहले निर्माण गर्ने आयोजना सञ्चालन गर्न सक्नेछ र सम्बन्धित निकायको स्वीकृती लिई पर्यटन Eco-tourism लगायत अन्य उद्योग व्यवसाय सञ्चालन गर्न सक्नेछ भन्ने चाहिँ छ त्यसमा मेरो संशोधन के छ भने यो अन्य उद्योग व्यवसाय सञ्चालन गर्न सक्नेछ भन्ने ठाउँमा अन्य उद्योग व्यवसाय सञ्चालन गर्न दिन सकिनेछ हुनुपर्छ, सञ्चालन गर्न दिन सकिनेछ हुनुपर्छ भन्ने चाहिँ मेरो संशोधन रहेको छ यो मैले भनिरहेको छु भने गर्न सक्नेछ भन्दा संघ, प्रदेश र स्थानीय तहले गर्न सक्नेछ भन्ने अर्थ लाग्छ। त्यसैले गर्दा यो त प्राइभेट सेक्टरलाई यो उद्योगी व्यवसायीलाई गर्न दिने भन्ने उद्देश्यका साथ आएको विधेयक भएको हुनाले चाहिँ यो विधेयकको खास मक्सद चाहिँ प्राइभेट सेक्टरलाई दिन सकिने भन्ने भएको हुनाले यसलाई यो भूलवस त्रुटी भएको भन्ने छ त्यसो भएको हुनाले यसलाई सरकारले पनि सरकारको तर्फबाट मन्त्रीज्यूले पनि यसलाई स्वीकार गर्नुहुनेछ र सभाले पनि पारित गर्नेछ त्यसकारण मैले आफ्नो संशोधन प्रस्ताव चाहिँ सच्याइयोस भनेर राखेको छु। धन्यवाद ।

(१३:४४ बजे)<u>सम्माननीय अध्यक्ष</u>ः-माननीय सदस्यहरू अब म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को संशोधन प्रस्ताव सहित विधेयकमाथिको दफावार छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराइदिनु अनुरोध गर्छु। छलफलमा भाग लिनु हुने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्तावका सम्बन्धमा छलफलमा भाग लिन अन्य माननीय सदस्यहरूबाट नाम प्राप्त नभएको

व्यहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू अब म सम्माननीय प्रधानमन्त्री एवं उद्योग वाणिज्य आपूर्ति मन्त्री पुष्पकमल दाहाल प्रचण्डको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई दफावार छलफलमा संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरूले प्रस्तुत गर्नु भएकोमा संशोधन प्रस्तावहरूका सम्बन्धमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१३:४६ बजे)माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा:-सम्माननीय अध्यक्षज्यू, यो नेपाल सरकारले सम्माननीत सदनमा पेस गरेको यो लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकलाई प्रतिनिधि सभामा पेस गऱ्यो।र यसको पृष्ठभूमिमा जानुपर्दा हामीले जुन कुरा लगानी सम्मेलन सम्पन्न गऱ्यौं। लगानी सम्मेलनमा वैदेशिक लगानीलाई सहजीकरण गर्न निजी क्षेत्रलाई पनि सहजीकरण गर्न कैयन् कामहरू अध्यादेश मार्फत संशोधन भएका थिए। हाम्रो कानुनी र संवैधानिक व्यवस्था अनुरूप त्यसलाई संसदको पहिलो बैठकमा त्यसपछि हुने लगत्तै बैठकमा पेस गर्नु पर्ने जुन प्रावधान थियो त्यस अनुसार सम्मानित प्रतिनिधि सभामा त्यो पेस भयो।र प्रतिनिधि सभामा थुप्रै माननीयज्यूहरूले यसमा संशोधन राख्नुभयो ।

प्रतिस्थापन गर्ने सन्दर्भमा र संशोधन राखिसकेपछि मूलभूत रूपमा ३ वटा बुँदा र केही उपदफा ३ वटा दफा र केही उपदफामा संशोधन प्रतिनिधिसभाबाट स्वीकार भएको र प्रतिनिधिसभाबाट स्वीकार भएका संशोधनमा अन्य संशोधनमा राष्ट्रिय सभाको त्यस्तो कुनै मैले चासो देखिनँ तर अहिले २ नम्बरको राष्ट्रिय निकुञ्ज सम्बन्धी ऐन, २०२९ मा संशोधन जुन प्रस्ताव गरिएको थियो, त्यसमा अलि बढी चासो, सरोकार माननीयज्यूहरूको देखियो । यसमा संशोधन परेको पनि देखियो ।

त्यसकारण सम्माननीय अध्यक्षमार्फत म के आग्रह गर्न चाहन्छु भने अहिले हामी जुन ढङ्गले छलफल गर्दै छौं हामीसँग समयको अत्यन्त सीमितता छ। हामीसँग राष्ट्रिय निकुञ्ज ऐन, २०२९ हो यसलाई समायानुकूल परिमार्जन गर्नुपर्ने पनि छ। ऐन लगायत थुप्रै कानुनहरू छन् जसलाई हामीले हाम्रो विकास आयोजना सञ्चालन गर्न अनुकुल हुने गरेर हाम्रा कानुनहरू संशोधन गर्नुपर्ने, पुनःलेखन गर्नुपर्ने अवस्थामा छन्। अहिले अहिले यतिवेला हामी समयको अत्यन्तै सीमिततामा छौं र हामीले २/३ दिन भित्रमा राष्ट्रपतिबाट कानुन प्रमाणीकरण गर्न सकेनौं भने यो शुन्यमा जान्छ। जिरोमा जान्छ त्यसकारणले गर्दा हामीले मलाई लाग्छ आजै यो राष्ट्रिय सभाबाट पारित गरेर प्रतिनिधि सभामा लाँदैछौं र त्यहाँबाट राष्ट्रपतिज्यू कहाँ सम्माननीय राष्ट्रपतिज्यूका पुऱ्याएर यो ऐनलाई प्रमाणीकरण गर्नुपर्ने हुन्छ, त्यसपछि मात्रै यो कार्यान्वयन हुन्छ र

अध्यादेशकै मार्फत बाट सम्बन्धित मन्त्रालयहरूले कैयौ ले यो कुरा हाम्रो वैदेशिक लगानीसँग सम्बन्धित रहेर हाम्रो अध्यादेशमा कैयन बुँदाहरू हाम्रो कार्यान्वयन पनि भइसकेका छन्। त्यसकारण पास गरेर जानुपर्ने हाम्रो एउटा अहिलेको आवश्यकता हो अहिलेको बाध्यता पनि हो र त्यसकारण ले गर्दा नेपाल सरकारले संघीय संसद प्रतिनिधिसभामा प्रस्तुत गर्‍यो त्यहाँबाट जुन संशोधन भयो ति संशोधनमा भएको एउटा त्रुटीको विषयमा अहिले जुन अरू विषय पनि छन् स्थानीय समुदायको तर्फबाट भनेर हाम्रो माननीय सोनामज्यूले पनि  उठाउनु भएको छ त्यो। तुल बहादुर विश्वकर्माज्यूले झन धेरै विषयहरू यहाँ राख्नुभएको छ। ती विषयहरूमा मलाई लाग्छ हाम्रा मूल कानुनका विषय पर्छन।

मूल कानुनमा छलफल गर्ने बेलामा त्यो कानुनलाई नै संशोधन गरेर विधेयक यहाँ दर्ता गरेको वेलामा अवस्थामा ती विषयहरूमा ती दफाहरूमा अलि गम्भीरतापूर्वक छलफल गर्न सकिन्छ हाम्रा विकास आयोजनाहरूलाई हेरेर भन्ने मलाई लाग्छ त्यसकारणले गर्दा प्रतिनिधि सभाबाट त्रुटी भएको भन्ने महसुस र यसलाई करेक्सन गर्दा थोरै मात्र करेक्सन गर्दा खेरिमा धेरै तात्विक असर नपार्ने फेरी प्रतिनिधि सभा मार्फत हुँदै सम्माननीय राष्ट्रपतिज्यूकोमा पुऱ्याएर यसलाई समय भित्रै यसलाई पारित पनि गर्न सकिने अवस्थामा जुन  छ त्यो कुरालाई स्वीकार गरेर जाँउ भन्ने मेरो आग्रह छ माननीयज्यूहरूलाई सम्माननीय अध्यक्षज्यूको मार्फतबाट यस सम्बन्धमा माननीय भगवती न्यौपानेज्यूले  जुन संशोधन राख्नुभएको छ यो अन्य उद्योग व्यवसाय सञ्चालन गर्न सक्नेछन् भन्ने ठाउँमा यो उद्योगहरू सञ्चालन गर्न दिन सकिनेछ भन्ने कुरामा केही न केही कहि त्यसलाई control गर्न पर्छ भन्ने  spirit का साथ भनि राख्नुभएको छ यसलाई स्वीकार गरेर जाउँ अरू बाँकी माननीयज्यूहरूले तिनै विषयहरू उठाउनु भएको छ त्यो विकास निर्माण आयोजना सञ्चालनको सन्दर्भमा ती आवश्यक छन् उपयुक्त छन् भनेपनि तिनलाई चाहिँ मूल ऐनकै संशोधनको बेलामा त्यसलाई अलि बढी छलफल गरेर जाऔं अहिले त्यतातिर छलफल थाल्यौ भने मलाई के लाग्छ भने हामीलाई समयको सिमितता राजनीतिक जटिलता यो सवै परिस्थिति जुन खालले गइरहेको छ  अहिले हामी विषयमा छलफल गरेर त्यसलाई स्वीकार गर्ने अथवा अस्वीकार भनेर अगाडि बढ्ने अवस्थामा छैनौ त्यसकारण सम्माननीय अध्यक्षज्यू मार्फत मेरो आग्रह छ माननीयज्यूहरूलाई के अहिलेलाई यो संशोधनका प्रस्तावहरूलाई फिर्ता लिउँ र फेरी बाँकी हामीले जुन निकुञ्ज ऐन २०२९ पनि संशोधन गर्नुपर्ने छ अरू पनि वन ऐनहरू पनि संसोधन गर्नुपर्ने छ अरु नयाँ कानुनहरू पनि ल्याउनुपर्ने छ सरकारले ल्याउनेछ त्यस बेलामा यसलाई बृहंगम गर्ने, यसलाई विकासको कोणबाट छलफल गर्ने, विकासलाई केन्द्रविन्दुमा राखेर छलफल गर्ने कुराहरू त्यति बेला गरौला भन्ने आग्रह गर्न चाहन्छु र

अहिलेलाई यही गर्न दिन सकिनेछ भन्ने शब्द जुन  माननीय भगवती न्यौपानेज्यूले thought गर्नुभएको छ त्यसलाई स्वीकार गरेर जाऔं त्यसमा सरकार तर्फबाट स्वीकार गर्न चाहन्छु अरू बाँकी जति पनि विषयहरू छन् ती विषयमा आगामी दिनमा छलफल गरेर अगाडि बढाऔं भन्ने आग्रह गर्न चाहन्छु। यति नै कुरा राखें सम्माननीय अध्यक्षज्यू।

(१३:५१ बजे)<u>सम्माननीय अध्यक्ष</u>ः-माननीय सदस्यहरू प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्तावमाथिको छलफल यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि प्राप्त संशोधन प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु। माननीय सदस्यहरू प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संशोधन पेस गर्ने संयुक्त संशिधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य सोनाम गेल्जेन शेर्पालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१३:५३ बजे)<u>माननीय सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी एमाले)</u>ः-सम्माननीय अध्यक्षज्यू, मैले अगाडि नै आफ्नो धारणाहरू राखिहाले र यो सम्बन्धमा राष्ट्रिय निकुञ्ज ऐन, २०२९ नै संशोधन मात्र नभइकन पूर्ण नै राष्ट्रिय निकुञ्ज ऐन ल्याउनु पर्ने अवस्था रहेको हुनाले त्यो सम्बन्धमा छलफल गर्ने वातावरण बन्नको लागि सरकारलाई म ध्यानाकर्षण गराउन चाहन्छु र अर्को यो अहिलेको परिस्थितिलाई मध्यनजर राख्दै यो ऐनको यो जुन किसिमको  कार्यान्वयन अवस्थालाई मध्यनजर राख्दै यो सून्यमा नजाओस भनेर परिस्थितलाई पनि मूल्याँकन गर्दै मेरो प्रस्ताव फिर्ता लिन्छु। धन्यवाद

(१३:५३ बजे)<u>सम्माननीय अध्यक्ष</u>ः-माननीय सदस्यहरू संयुक्त संशोधन प्रस्ताव कर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य सोनाम गेल्जेन शेर्पाले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को दफा ३ को उपदफा २ का सम्बन्धका पेस गर्नु भएको संशोधन प्रस्ताव फिर्ता लिनु भएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनु परेन। माननीय सदस्यहरू अब म प्रतिनिधि सभाबाट

सन्देश सहित प्राप्त लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संशोधन प्रस्तावकर्ता माननीय तुल प्रसाद विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिनु चाहनुहुन्छ भने उक्त प्रस्ताव फिर्ता लिन समय दिन्छु।

(१३:५४ बजे)<u>माननीय तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>:-सम्माननीय अध्यक्षज्यू, मैले आफ्नो धारणा पहिले प्रस्तुत गरिसकेको छु यहाँ आएका संशोधनका कतिपय बुँदाहरू धेरै आपत्तिजनक र धेरै दिर्घकालिन असर पर्ने खालका छन् त्यसैले यो संशोधन मैले राखेको हुँ संशोधन प्रस्ताव फिर्ता लिनु आफ्नो धारणा व्यक्त गर्न चाहन्छु।

(१३:५४ बजे)<u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्यहरू संशोधन प्रस्ताव कर्ता माननीय तुलप्रसाद विश्वकर्माले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ मा विभिन्न दफा वा उपदफाका सम्बन्धमा पेस गर्नु भएको संशोधन प्रस्ताव फिर्ता नलिनु भएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संशोधन प्रस्तावकर्ता माननीय तुल प्रसाद विश्वकर्माले राख्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म प्रतिनिधसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संशोधन पेस गर्ने संशोधन प्रस्तावकर्ता माननीय सदस्य भगवती न्यौपानेले राख्नुभएको संशोधन प्रस्तावलाई माननीय सदस्यहरूले स्वीकार गर्नुभएको माननीय मन्त्रीज्यूले स्वीकार गर्नुभएकोले उक्त प्रस्तावलाई सभाको सहमतिको लागि निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य भगवती न्यौपानेले राख्नुभएको संशोधन प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, प्रतिनिधसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को दफा ३ को उपदफा २ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य भगवती न्यौपानेले पेस गर्नुभएको संशोधन प्रस्ताव स्वीकृत भएकोले उक्त स्वीकृत संशोधन प्रस्ताव प्रतिनिधसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को दफा ३ को उपदफा २ माथि संशोधन प्रस्तावकर्ता माननीय सदस्य भगवती न्यौपानेले पेस गर्नुभएको स्वीकृत

संशोधनहरू सर्वसम्मतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु।

मानानीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि १० सम्मका दफाहरू प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ अङ्ग बनोस् भनी निर्णयार्थ पेस गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ" ।

यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको दफा २ देखि १० सम्मका दफाहरू सर्वसम्मतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को अङ्ग बनेको घोषणा गर्दछु। माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

<u>प्रस्तावना</u> :- लगानी प्रबर्द्धन गर्ने कार्यलाई सहजीकरण गर्न केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

<u>संक्षिप्त नाम र प्रारम्भ</u>:-(१) यस ऐनको नाम "लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

माननीय सदस्यहरू, अब म लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ" ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को प्रस्तावना र नाम विधेयकको अङ्ग बनाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री एवं उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री पुष्पकमल दाहाल प्रचण्डको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई प्रतिनिधसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस् भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

(१४:०१ बजे) माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा :- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:०१ बजे)सम्माननीय अध्यक्षः-माननीय सदस्यहरू, प्रतिनिधसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ को पारित गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले “हुन्छ” भन्नुहोस्।

-“हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले “हुन्न” भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ प्रतिनिधसभाबाट सन्देशसहित प्राप्त लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल असार २७ गते विहीबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर अर्को वैठक २०८१ साल असार २७ गते विहिवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो वैठक स्थगित भयो)

स्थगितः-१४:०२ ।